हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरु अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : २१० पृष्ठ : ४ २०७७ फाल्गुन १८ गते मंगलबार (Tuesday 02 March 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

*सिरहा र सप्तरीमा अवैध रकम ओसारपसार फस्टाउँदो*

# स्रोत नखुलेको अवैध भारतीय रुपैयाँसहित सिरहाबाट एकजना पक्राउ





**लहान** । सीमावर्ती क्षेत्रमा अवैध रकम ओसारपसार र कारोबारमा वृद्धि भएको छ । अवैध रूपमा ल्याएको भारतीय नोटसहित प्रहरीले सिरहाबाट एकजनालाई पक्राउ गरेपछि अवैध रकम ओसारपसार र कारोबार भइरहेको खुलासा भएको हो ।

प्रहरीले २ हजार दरको ३ थान र ५ सय दरको ४ सय ८८ थान नोट गरी २ लाख ५० हजार भारतीय रूपैयाँको नोटसहित भारतको सहरसा ग्राम किसनपुर पञ्चायत-२ का ६० वर्षीय चतुरी यादवलाई आइतबार साँझ पक्राउ गरेको हो ।

बीआर ०६ एएन ०३५७ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा मोटरसाइकलको डिकीमा लुकाइ राखेको भारतीय रूपैयाँको नोट फेला पारी उनलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

बरामद भारतीय रूपैयाँसहित यादवलाई आवश्यक कारबाहीकोलागि भन्सार कार्यालय सिरहा मार्डरमा बुझाइएको छ ।

यसअघि जिल्ला प्रहरी कार्यलय सिरहाले पुस २६ गते स्रोत नखुलेको करिब ३२ लाख रकम सहित सिरहा नगरपालिका-२२ हकपाराका शिवनाथ यादवलाई पक्राउ गरेको थियो । लगडिगोठबाट खटीएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा यादवको साथबाट कपडाको झोलामा श्रोत नखुलेको नेपाली ३१ लाख ८९ हजार नगद सहित पक्राउ गरेको थियो । प्रहरीले कारबाहीको लागि सम्पत्ती शुद्धीकरण विभाग हरिहर भवन ललितपुर पठाएको थियो ।

**स्रोत नखुलेको ३ लाख रूपैयाँसहित सप्तरीमा महिला पक्राउ**

सप्तरीको सीमावर्ती क्षेत्रमा हुण्डी कारोबारमा वृद्धि भएको छ । एक साताभित्रै दुई पटक स्रोत नखुलेको रकमसहित महिलाहरू पक्राउ परेपछि यो

*बाँकी ३ पेजमा*

# कुटपिटबाट सिरहामा एक युवकको मृत्यु

बद्री नारायण यादव/बिनय यादव

**सिरहा** । सिरहामा कुटपिटबाट एक युवकको मृत्यु भएको छ । कुटपिटबाट सिरहा नगरपालिका-१८ इटारी बस्ने नन्दलाल यादवको छोरा २२ वर्षिय अजित कुमार यादवको मृत्यु भएको हो । निर्घात कुटाईबाट गम्भीर घाइते भएका अजितलाई उपचारका लागि अस्पताल ल्याउदै गर्दा बाटामै मृत्यु भएको पारिवारिक श्रोतले जनाएको छ ।

आपसी विवादका कारण इटारीकै साढु नाता पर्ने मुनेश्वर यादव र अजितबीच ०७७ फागुन १४ र १५ मा पटक पटक झगडा भएको स्थानीयहरूले बताएका छन् । स्थानीयका अनुसार आपसी विवादका कारण दुई दिनमा तीन चार पटकसम्म झगडा भएको थियो ।



'झगडामा मुनेश्वर लगायत उनले ल्याएका केही व्यक्तिले अजितलाई निर्घात कुट्यो,'अजितका भाई नविन कुमार यादवले भने,'कुटाईबाट अजितको शरिरबाट रगत बाहिर नआएपनि भित्रि भागमा विशेष असर परेको कारण मृत्यु भएको हुन सक्छ ।'

०७७ फागुन १५ साँझको झगडा पछि अजित ब्याकुल

*बाँकी ३ पेजमा*

# सिरहाको चार ठाउँमा लोकसेवा कक्षा सञ्चालन

बिनय यादव

**सिरहा** । सरकारी जागीर सबैका सपना हुन्छन् । तर, पढेलेखेर पनि यसबारे जानकारी र आवश्यक ज्ञानको अभावमा शिक्षित मान्छे पनि बेरोजगार बस्न बाध्य रहन्छन् ।

सरकारी जागीरका लागि रूचि हुनेहरु पनि तयारीका लागि बाहिरै धाउनुपर्ने बाध्यता थियो । तर, पछिल्लो समय भने यसको विस्तारिकरण तीव्र छ । जसले आफ्नै ठाउँमा रही सरकारी जागीरका लागि



इच्छुकहरूलाई लोकसेवाको तयारी गर्न सहज भएको छ ।

जिल्ला स्तरमै विभिन्न जिल्लाहरूमा लोकसेवा तयारी कक्षा सञ्चालन भइरहँदा सिरहा जिल्लामा पनि लोकसेवा कक्षा सञ्चालनमा आएको छ । भाइबरेन्ट कोचिङ सेन्टरले सिरहाको विभिन्न चार स्थानमा

*बाँकी ३ पेजमा*






फ्रेन्डस मोडेल हस्पिटल, लहान-8

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरु

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरु

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव

मधुमेह, प्रेसर डा. ल्युस्युन यादव

प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## 'आत्महत्या' डरलाग्दो चूनौति

**पछिल्लो समय नसर्ने मानसिक रोग तथा आत्महत्या प्रचुर मात्रामा बद्दै गइरहेको छ । हरेक वर्ष ८ लाख ४ हजार जनाले आत्महत्या गरेर ज्यान गुमाइरहेका छन् । यसलाई केलाएर हेर्दा हरेक ४० सेकेन्डमा एक व्यक्तिले आत्महत्याबाट ज्यान गुमाइरहेका छन् र सँगसँगै हरेक एक आत्महत्या बराबर २० देखि २५ गुणा आत्महत्याका प्रयासहरु हुने गरेको पाइन्छ । यसअर्थमा पनि हेर्ने हो भने विश्वभर आत्महत्या एउटा गम्भीर जनस्वास्थ्य सरोकारका विषय बन्दै गइरहेको छ । विश्व स्वास्थ्य संगठनकोअ ँकडा अनुसार नेपालको तथ्यांक हेर्ने हो भने नेपालमा आत्महत्या दरमा विश्वको सातौं स्थानमा पर्छ । यो समस्या आधुनिक समाजमा सबैभन्दा ठूलो खतरा बनेर खडा भएको छ । यसबारे चिन्तन र सावधानी अपनाउन नसके यसले समाजमा अझै डरलाग्दो गरी जरा गाड्ने सम्भावना छ।**

**'खोले खाए पनि हाँसी–खुसी रहने' नेपाली समाजमा आत्महत्या किन यति ठूलो जहर बनेर आएको छ ? यसबारे गम्भीर चिन्तन हुन सकेको छैन । आधुनिक मानिएका गतिविधिलाई अत्याधिक प्रयोग गर्दा र आफ्नो समाजले अपनाएका राम्रा गतिविधिलाई ठ्याक्कै त्याग्दा समस्याले विकराल रुप लिँदै गएको छ । आत्महत्या जस्तो जीवन समाप्त पार्ने बाटोतिर मान्छेलाई डोहोऱ्याउनु अति तनाव, अति दबाब, निराशा, आधुनिक जीवनशैलीको लत जस्ता कारण मुखर भएर आएका छन् । जब फ्रस्टेसनको चरण जटिल बन्छ तब मानिसलाई 'डिप्रेसन'ले शिकार बनाउँछ । डिप्रेसनको सुरुको चरणले मानिसलाई एकोहोरो बनाउने, स्मरण शक्ति गुमाउने अवस्थामा पुऱ्याउँछ । यदि, डिप्रेसनको चरण बद्दै गए अन्ततः मानिसले संसारलाई अँध्यारो देख्छ र आत्महत्याको बाटो रोज्न पुग्छ ।**

**'सपना त्यो होइन जो निदाएका बेला देखिन्छ, सपना त्यो हो जसले सुत्न दिँदैन' भारतका पूर्वराष्ट्रपति एपिजे अब्दुल कलामको यो उक्ति लोकप्रिय छ। हो, मानिसको जीवनमा सपना हुनै पर्छ । तर, आफ्नो क्षमताभन्दा ठूला सपनाले व्यक्तिलाई सुत्न नदिने मात्र होइन सधैंका लागि सुत्न वाध्य पारिदिन पनि सक्छ ।**

**ससाना अवरोध, असन्तोष, उतारचढाव, सफलता–असफलता मानिसको जीवनका अपरिहार्य तत्व हुन् । त्यसबाट विचलित भएर जीवन नै त्याग्ने काम गर्नु हुँदैन भन्ने सन्देश स्पष्ट छ । मानव कल्याणका लागि, वृहत्तर हितका लागि र समाज रक्षाका लागि मात्र जीवन बलिदानी दिन सकिने पनि हाम्रो दर्शनले दर्शाएको छ । तर, आत्महत्या जस्तो कायर कार्य गर्न नहुने सन्देश शास्त्रहरुले दिएका छन् र यो नेपाली समाजको सामाजिक आधार पनि यही हो । 'खोले खाए पनि हाँसी–खुसी रहने' नेपाली समाजमा आत्महत्या किन यति ठूलो जहर बनेर आएको छ ? यसबारे गम्भीर चिन्तन हुन सकेको छैन । साथै, आत्महत्यालाई हाम्रो दर्शनले अपराध मान्छ । आत्महत्या गरी निधन हुने व्यक्तिको आत्माले समेत शान्ति नपाउने भन्दै त्यस्तो अपराध नगर्न विभिन्न तरिकाबाट बुझाउने कोसिस गरिएको छ ।**

**ससाना अवरोध, असन्तोष, उतारचढाव, सफलता–असफलता मानिसको जीवनका अपरिहार्य तत्व हुन् । त्यसबाट विचलित भएर जीवन नै त्याग्ने काम गर्नु हुँदैन भन्ने सन्देश स्पष्ट छ । मानव कल्याणका लागि, वृहत्तर हितका लागि र समाज रक्षाका लागि मात्र जीवन बलिदानी दिन सकिने पनि हाम्रो दर्शनले दर्शाएको छ । तर, आत्महत्या जस्तो कायर कार्य गर्न नहुने सन्देश शास्त्रहरुले दिएका छन् र यो नेपाली समाजको सामाजिक आधार पनि यही हो । तसर्थ जीवनलाई सन्तुलित र स्वस्थ्य राख्दै हाम्रा पितापुर्खाले अपनाएका राम्रा संस्कारबाट ढाटा भाग्नु हुँदैन ।**

# लहानका सहिद राम–लक्ष्मणको संघर्षको ऐतिहासिकता

डा. विजयप्रसाद मिश्र



**ने**पालको राजनीतिक इतिहासमा लहानलाई परिचित गराउने व्यक्तित्व सहिद राबम–लक्ष्मणको चर्चा हिजो आज कम हुने गरेको छ । पछिल्लो समयमा जुम्ल्याहा दाजुभाइ राबम–लक्ष्मणको हत्या भएको धेरै वर्ष पछि उनीहरूलाई नेपाल सरकारले सहिद घोषणा गरेको थियो । त्यो पनि नेपाली कांग्रेसको शासनकालमा भने गरिएन । राणा शासन फाल्नका लागि नेपाली कांग्रेसको तर्फबाट उदयपुर गढी हान्न आएका कृष्णप्रसाद भट्टराईलाई बस्तीपुरका गिरि परिवारको संगतले गर्दा रामलक्ष्मणका बुबा खरिदार विष्णुप्रसाद उपाध्यायले गढीको सरकारी जागिरे भएर पनि कांग्रेसलाई सहयोग गरेका थिए । त्यही सहयोगले उनको पारिवारिक जीवनमा उतार चढाव आएको थियो ।

बुबा विष्णुप्रसाद उपाध्याय खरिदार जागिरेमा हुँदै वि.सं २००४ साल बैशाख २२ गते रामप्रसाद पौडेल र लक्ष्मण प्रसाद पौडेलको जन्म उदयपुर गढीमा भएको थियो । कांग्रेसलाई सहयोग गरेपछि खरदारबाजेको भागाभाग भयो । कांग्रेसकै सुझाव र सहयोगमा उहाँ भारतमा निर्वासित जीवनमा जानु परेको थियो । काखे जम्ल्याहा दुई छोरा राम लक्ष्मणलाई लिएर आमा बस्तीपुरमा रहेको गिरि परिवारको हवेलीको पूर्वतर्फ रहेको कचहरीमा बस्न थाल्नु भयो । वि.सं. २००७ सालमा प्रजातन्त्र आएपछि खरिदारबाजे नेपाल फर्किएर सपरिवार लहानमा बस्न थाल्नु भयो । राम लक्ष्मणले प्राथमिक तहको पढाई लहानमा गरेपनि माध्यमिक तहको शिक्षा लिन बस्तीपुर गएका थिए । स्कूल जीवनमा बस्तीपुर स्कूल पूर्व रहेको खुट्टीखोलाको डीलमा ( हाल समाजवादी चिन्तक प्रदीप गिरीको आश्रमको पूर्वमा ) रहेको आँपको रूखमा हातमा काटेर रामलक्ष्मणले प्रजातन्त्र जीन्दावाद लेखेका थिए । विद्यार्थी जीवनदेखि नै विद्रोही र क्रान्तिकारी स्वभावका रामलक्ष्मण विद्यार्थी जीवनमा रहँदा नै सहिद हुनु परेको थियो । रामलक्ष्मणले रगतले लेखेको त्यो रूख अहिले काटिएको छ । तर रूख भएकै स्थान वरपर धेरै आँप र अन्य काठका रूखहरू कांग्रेसको इतिहास बोकेर ठडीरहेको छ । रामलक्ष्मणको संझनामा त्यस्तो ऐतिहासिक स्थलमा समेत उहाँहरूको सालिक वा स्मारक पार्क बनाउने हो की भन्ने सोच लेखकको मनमा उठनु स्वभाविक हो ।

उदयपुर गढीको आक्रमण बस्तीपुरका गिरि परिवार सहित स्थानीय योद्धाहरूको अथक प्रयासबाट सफल भएको थियो । जसमा रामलक्ष्मणको बुबाको योगदानलाई सिंगो प्रजातन्त्रप्रेमी नेपालीले स्मरण गर्नु पर्दछ । गिरि परिवारकै सहयोगी भूमिकामा रहेका लहान निवासी खरिदार बिष्णुप्रसाद उपाध्यायका जुम्ल्याहा छोरा रामलक्ष्मण प्रखर वक्ता थिए । उनीहरू एकै दिन जन्मिए, प्रजातन्त्रका लागि संगै राजनीति गरे, संगै जेल परे, संगै जेलबाट भागे र सेनाको कारबाहीमा संगै सहिद भए । कस्तो संयोग मिलेको । जे पनि जहिले पनि संगै ? कस्तो अविस्मरणीय जोडी ? नेपाल कै इतिहासमा यस्तो संयोग मिलेको जोडी न पहिले कोही थिए, न अहिले कतै भेटिन्छन् । यस्तो भाग्यमानी जोडी अर्थात सहिद रामलक्ष्मणले विद्यार्थी जीवनमा गर्नुभएका संघर्षका बारेमा लहानबासीलाई जानकारी होस भनेर यो लेख लेखेको हुँ । संगै जन्मिएका र अनुहार उस्तै भएकाले बुबाले राम–लक्ष्मण नाम राखिदिएका थिए ।

उदयपुरगढीमा जन्मिएका राम–लक्ष्मणले बस्तीपुर माध्यमिक विद्यालयवाट वि.सं. २०१८ सालमा एस.एल.सी. उतीर्ण गरेपछि क्याम्पस पढनका लागि सुरूमा काठमाण्डौ गए । त्यहाँ अनुकुल नभएपछि विराटनगर आए । वि.सं. २०१९ सालदेखी विराटनगरको मोरङ् क्याम्पसमा व्यवस्थापन तर्फ प्रमाणपत्र तहमा पढ्न थालेका दुबै भाइलाई व्यवस्थापन विषयमा रूची नभएपछि मानविकी तर्फ सरे ।

विराटनगरमा पढ्दा उनीहरू कहिले मधुमारामा त कहिले शैलजा आचार्य र अहिलेका नेपाली कांग्रेस मोरङका अध्यक्ष अमृत अर्यालको घरमा बसे । बिराटनगर मै बसिरहेको अवस्थामा उनीहरू एक वर्ष बनारस तर्फ पनि गए । त्यस बखत बनारसमा नेपाली विद्यार्थीलाई संगठित गरी क्रान्ति गर्नका लागि शैलजा आचार्यको अध्यक्षतामा 'प्रजातान्त्रिक समाजवादी दल' खोलिएको थियो । राम–लक्ष्मण यसको संगतमा लागि आफ्नो राजनैतिक जीवनको बौद्धिकतालाई तिखार्ने अवसर पाए । उनीहरू दुई भाइ एकै ठाउू बसेर बी.बी.सी. सुन्ने, भारतीय अखवारहरू पढने, राजनैतिक दर्शनका पुस्तकहरू पढ्ने र आपसमा तर्क वितर्क गरी बहस गर्ने गर्दथे । यसले उनीहरूलाई धारा प्रवाह भाषण गर्न सजिलो तुल्यायो ।

बनारसवाट फर्किएर विराटनगर आएपछि उनको भेट गिरिजाप्रसाद कोइराला, बद्रिनारायण बस्नेत, शिव नारायण बस्नेतसंग भयो । यिनीहरूले पढाइलाई भन्दा क्रान्तिलाई प्राथमिकता दिएका थिए । त्यस बखत विराटनगर आन्दोलनको केन्द्रविन्दु थियो । उनीहरू विद्यार्थी राजनीतिमा अगुवा भएका थिए । यिनीहरूले वि.सं. २०२६ सालमा पहिलो पटक विपी कोइराला संग भेटने अबसर पनि पाएका थिए ।

विराटनगरको विद्यार्थी आन्दोलनमा अग्रसर हुँदा पटक पटक पक्राऊ पर्ने र छुट्ने गर्दथे । क्याम्पस भित्र मात्र होइन, बाहिर बजारमा पनि धाराप्रवाह भाषण गरी सबैलाई मंत्रमुग्ध पार्ने राम–लक्ष्मणको भाषणको प्रसंग सुनाउँदै विराटनगरका ६० बर्षिय मुन्नु अर्याल भन्छन्, 'पढाइमा त ठीकै थिए तर उनीहरूको भाषण भनेपछि मानिसहरूको भीड लाग्दथ्यो । माइक पनि नचाहिने । एक भाइले बोलिरहेको ठाउूबाट अर्कोले तत्काल सुरू गरिहाल्थे । उनीहरू दुई जनाले बोलेपनि कतै कुरा दोहोरिदैनथ्यो । प्रखर वक्ता भएकाले नै प्रहरीको हिट लिष्टमा उनीहरू पर्दथे । दुर्गा सुवेदीको विचारमा उनीहरू मोरङ् कलेज कै हिरो थिए । दिनभरी भाषण गरेर भाषिएको स्वर ठीक पार्न साँझमा आएर गलामा चुन दल्थे ।'

भाषणवाट सबैलाई प्रभावमा पार्न सक्ने खुबी भएका दुई भाइ नै राजनीतिमा सक्रिय थिए । त्यसैले मोरङ् क्याम्पसमा हुने विद्यार्थी यूनियनको निर्वाचनमा लक्ष्मण सचिवमा उठेर विजयी भए । पहिले विद्यार्थीको निर्वाचन प्रजातन्त्रवादी र प्रगतीशील गरी दुई खेमाको हुन्थ्यो । वि.सं. २०२७ सालमा राम नेविसंघको केन्द्रिय समितिमा पहिलो पूर्वाञ्चल उपाध्यक्षको रूपमा चयन भए । विराटनगरमा नेविसंघको संगठन बढाउनमा राम–लक्षण दिनरात खटेका थिए । दुर्गा सुवेदीको भनाइमा उनीहरू संगठन बढाउन खप्पिस थिए, केटीहरूलाई त सजिलै संगठनमा ल्याउँथे । उनीहरूको केटा भन्दा बढी केटी साथीहरू थिए ।

नेपाली कांग्रेसले विराटनगरमा जनमुक्ति सेनाको युवा सेल गठन गरेको थियो । २५ जनाको त्यो सेलमा राम–लक्षमण पनि सहभागी थिए । उनीहरूको लागि सिंहिया खोलामा स्टेनगन चलाउने, थर्टि टू रिभल्भर चलाउने र ग्रिनेट फोड्ने 'डेमोस्ट्रेशन' संचालन गरिएको थियो, जसमा दुबै सहभागी भएका थिए । त्यतिखेर हतियार बिसु कोइराला र विजय कोइरालाको घरमा राख्ने गरिएको थियो ।

यता, मोरङ् क्याम्पसको नामको अगाडी 'महेन्द्र' थपेको विरोधमा विद्यार्थीहरूले आन्दोलन गरेका थिए । मातृकाप्रसाद कोईराला, भूपालमान सिंह जस्ताले यो थप्ने काम गरेकोले यसको विरूद्धमा आन्दोलन गर्दा राम विराटनगरमा पक्राऊ परे । अघिदेखि पक्राऊ परि थुनामा रहेका दुर्गा सुवेदीले रामको विद्रोही चरित्रको संझना गर्दै भने, 'प्रहरीसंग बाझ्दै रामले डीएसपीको मूख मै थुकि दिएका थिए ।'

राम–लक्ष्मणले विराटनगरमा आन्दोलन चर्काउन खेलेको भूमिका देखेर एक दिन उनका दाजु वेदराज पबनलाई हिरण्य पाण्डेले उनीहरू हदभन्दा अगाडी बढी सकेकोले त्यस्तो कृयाकलाप रोक्न सुझाव दिएका थिए । लहान घर गएको बखत राम–लक्ष्मणलाई उनका दाजु र बुबाले संझाउदै भनेका थिए,' हामी तिमीहरूलाई राजनीति छोड्नु भनेर कहिल्यै भन्दैनौ । राजनीति गर्नु अपराध होइन तर पढाइ नै बिगारी भौतारिनु राम्रो होइन । पहिला हातमा डिग्री लिनु पर्दछ ।' राजनीतिमा धेरै अघि बढीसकेका राम–लक्ष्मणलाई अभिभावकको सुझावले कुनै काम गरेन । उनीहरू झन् झन् राजनीतिमा सक्रिय हुदै गए ।

राम–लक्ष्मण विराटनगरको आन्दोलनमा मात्र सीमित रहेनन् । २०२८ सालमा रमाइलो झोडामा भूतपूर्व सैनिकहरूलाई

———— *बाँकी ४ पेजमा*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आज लाभ,हानी,आय,व्यय,सुख,दुख वरावरी मध्यम खालको दिनछ तर ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । प्रेममा बाधा पनि आउन सक्छ ।

**वृष** :- अरूलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । परिवारिक सद्भाव बढ्नेछ । लगानी र व्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**मिथुन**:- आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योगछ । शेयर बजार, कलकारखाना र बन्द व्यापारमा फाइदा नै हुनेछ ।

**कर्कट** :- आज बन्न लागेको काम विग्रनसक्छ । सामान हराउने वा चोरी हुने भयछ । दुष्ट व्यक्तिको संगतले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**सिंह**:- नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । पदोन्नतीको सम्भावना प्रवलछ ।

**कन्या** :- आज धर्म कर्म,परोपकार,समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । रोकिएको धन पाइएला । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**तुला** :- आज शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेलाछ ।

**वृश्चिक** :- सरकारी निकाएको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । अविश्वाश उत्पन्न हुनेछ । घर परिवारमा झैं–झमेलाको अवस्था आउन सक्छ ।

**धनु** :- आज आफन्तसंग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभूत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाईनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**मकर**:- आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । शुभ समाचार सुन्न पाइएला । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मिन** :- जोश जाँगर र हिम्मत बढ्नेछ । आकस्मिक धन लाभ हुनेछ । सुन्दर पहिरनले ब्यक्तित्वमा निखारता ल्याउनेछ । दाम्पत्य जीवन सुखमय हुनेछ ।

# फेरि बढ्यो इन्धनको मूल्य



**सिरहा ।** नेपाल आयल निगमले इन्धनको मूल्य वृद्धि गरेको छ । भारतीय आयल निगमले मूल्य वृद्धि गरेसँगै सोमबारबाट लागूहुने गरी नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा मूल्य वृद्धि गरेको हो ।

आइओसीले पठाएको नयाँ मूल्यसूचीअनुसार प्रतिलिटर पेट्रोलमा रू. ४.२०, डिजेलमा रू ४.०७ रूपैयाँ, मट्टितेलमा रू ४.६५, हवाई इन्धनमा रू ४.०६ तथा ग्यासमा प्रतिसिलिन्डर रू ९१.९६ मूल्य बढेर आएको निगमले जनाएको छ। फेब्रुअरी १६ मा आइओसीबाट प्राप्त मूल्य सूचीअनुसार नेपालमा पेट्रोलको मूल्य प्रतिलिटर ११४, डिजेल र मट्टितेलको मूल्य ९७ तथा आन्तरिक हवाई इन्धनको मूल्य ६७ रूपैयाँ तथा बाह्य हवाई इन्धनको प्रति किलोलिटर ८६८ अमेरिकी डलर र एलपी ग्यासको मूल्य १ हजार ४ सय तोकिएको छ । उक्त मूल्यमा पेट्रोलियम पदार्थ बेच्दा पाक्षिक रूपमा एक अर्ब ५४ करोड घाटा हुने निगमले प्रक्षेपण गरेको छ । आइओसीले नेपाल आयल निगमलाई प्रत्येक अङ्ग्रेजी महिनाको १ र १६ तारिखका दिन नयाँ मूल्यसूची पठाउँदै आएको छ । सोही मूल्यका आधारमा निगमले मूल्य समायोजन गर्दै आएको छ । नयाँ मूल्य सूचीअनुसार निगमलाई पेट्रोलमा प्रतिलिटर रू १०.०६, डिजेलमा रू ८.२२, मट्टितेल नोक्सान हुने जनाइएको छ ।

## स्रोत ...

क्षेत्रमा हुण्डी कारोबारमा वृद्धि भइरहेको देखिएको हो ।

पछिल्लो पटक सोमबार सशस्त्र प्रहरीले स्रोत खुल्न नसकेको तीन लाख रूपैयाँसहित एकजना महिलालाई पक्राउ गरेको छ । बीओपी तिलाठीको टोलीले तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित खाँडो खोला नजिकबाट ती महिलालाई उक्त रकमसहित पक्राउ गरेको सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार पक्राउ पर्नेमा छिन्नमस्ता गाउँपालिका-१ निवासी ५५ वर्षीया गीता देवी महतो छन् । शंकाको आधारमा चेकजाँच गर्दा उनको साथबाट स्रोत नखुलेको ३ लाख रूपैयाँ बरामद भएको र बरामद रकमसहित उनलाई भन्सार कार्यालयमा बुझाउने तयारी भइरहेको श्रेष्ठले बताए ।

यसअघि ११ फागुनमा यही ठाउँबाट सशस्त्र प्रहरीले स्रोत नखुलेको १० लाख रूपैयाँसहित दुई जना महिलालाई पक्राउ गरेको थियो ।

छिन्नमस्ता गाउँपालिका-५ निवासी ३८ वर्षीया कविता दास र २२ वर्षीया रिंकु दास पक्राउ परेका थिए । उनीहरूको साथबाट स्रोत खुल्न नसकेको रू १० लाख फेला परेपछि दुवैजनालाई रकमसहित भन्सार कार्यालयमा बुझाइसकिएको छ ।

सप्तरीसँग सीमा जोडिएको कुनौली नाका हुँदै यसअघि पनि विभिन्न सामानको तस्करी हुँदै आएकोमा पछिल्लो पटक हुण्डी कारोबार हुने गरेको देखिएको प्रहरीको भनाइ छ ।

## कुटपिटबाट ...

भएर लगडी गोठमा रहेको दिदिको घर गयो र सोही राती तीन बजे अजितलाई साँस लिन अप्ठयारो भएको जानकारी पाएर आफुहरूले अस्पताल लग्दै गर्दा मृत्यु भएको उनले बताए ।

**यसकारण विवाद**

पत्नी अल्का कुमारी यादव र अजितबीच समान्य भनाभन हुँदा अल्का मुनेश्वरको घर पुगेको थियो । अल्कालाई सम्झाई बुझाई आफ्नो घर ल्याउन प्रयास गर्दा मुनेश्वरले अजितलाई निर्घात कुटपिट गरेको नविनले बताए । अजितलाई कुटपिट गर्नेहरूको नामसहितको किटानी जाहेरी दिन जाँदा प्रहरीले सो जाहेरी दर्ता नगरि ०७७ फागुन १६ को दिनभर प्रतिक्षा गराएको पिडित परिवारको गुनासो छ ।

कुटपिटको कारण मृत्यु भएको जाहेरी दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी सुदिपराज भण्डारीले जनाए । पोष्ट मार्टडमको रिर्पोट र थप अनुन्धान भएपछि मात्र विषेश कुरा बताउन मिल्ने उनले थपे । उनका अनुसार घटनाबारे प्रहरी अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ । स्थानीयका अनुसार, आपसी विवादका कारण दुई दिनमा तीन चार पटकसम्म झगडा भयो । फागुन १५ साँझको झगडा पछि अजित ब्याकुल भएर लगडी गोठमा रहेको दिदिको घर गएको र सोही राती तीन बजे अजितलाई स्वास लिन अप्ठयारो भएको जानकारी पाएर आफुहरूले अस्पताल लग्दै गर्दा मृत्यु भएको उनले बताए ।

अजितलाई कुटपिट गर्नेहरूको नामसहितको किटानी जाहेरी दिन जाँदा प्रहरीले जाहेरी दर्ता गर्न आनाकानी गरी १६ गते दिनभर प्रतिक्षा गराएको र अबेर मात्र जाहेरी लिएको पिडित परिवारको गुनासो छ ।कुटपिटको कारण मृत्यु भएको जाहेरी दर्ता गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी सुदिपराज भण्डारीले जनाए । शव पोष्टमार्टमको रिर्पोट र थप अनुसन्धान भएपछि मात्र विस्तृत कुरा भन्न मिल्ने उनले बताए ।

## सिरहाको ...

एकैचोटि लोकसेवा तयारी कक्षा सञ्चालनमा ल्याएको हो ।

जिल्लाको मिर्चैया, लहान, गोलबजार र नरहा हनुमान चोक गरी चार स्थानमा कोचिङ सञ्चालन गरेको भाइबरेन्टका सञ्चालक दिपक यादवले जानकारी दिए । आफ्ना कोचिङ सेन्टरहरूमा खरिदार, नायब सुब्बा, शाखा अधिकृत, शिक्षक सेवा आयोग, कम्प्युटर अपरेटर तथा सिपाही, प्रहरी जवान, असई, इन्स्पेक्टर लगायत बैंकिङ तर्फका जागीरका लागि कक्षा सञ्चालन भइरहेको उनले बताए ।

यससँगै कक्षा ८ देखि कक्षा १२ सम्मको गणित, विज्ञान तथा लेखाको ट्युसन पनि सञ्चालनमा ल्याइएको छ । शैक्षिक बेरोजगार न्यूनीकरणको उद्देश्यले यस्तो कक्षा जिल्लाका विभिन्न स्थानमा सञ्चालन गरेको सञ्चालक यादवले जनाए ।

मानव संसाधनको विकास जस्तो दरिलो र दिगो

*बाँकी ४ पेजमा*

## प्रारम्भिक वातावरणीय परीक्षणको लागि प्रकाशित १५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०७७/११/१८**

**सगरमाथा अञ्चल सिरहा जिल्ला धनगढीमाई नगरपालिका वडा नम्बर १३ (विष्णुपुरकट्टी) को कित्ता नम्बर १५३,४१६ र ४१७ को जग्गा विघा १-१०-१० मा क्रसर तथा गिटी बालुवा प्रशोधन उद्योग स्थापना गर्न लागिएको हुँदा उपरोक्त उद्देश्यको रसायनिक र जैवीक पक्षमा पर्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको स्थान (निकाय) मा राय सुझाव भए दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।**

**राय सुझाव पेस गर्ने स्थान (निकाय)**

**धनगढीमाई नगरपालिका वडा नम्बर १३ को कार्यालय विष्णुपुरकट्टी**

**डिभिजन वन कार्यालय लहान (सिरहा )**

**कम्पनीको नाम र ठेगाना**

**विष्णु उत्खनन् प्रा. लि.**

**धनगढीमाई नगरपालिका वडा नम्बर १३ (सिरहा)**

**सम्पर्क नम्बर ९८५२८३०९३४**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# निर्वाचन तयारीमा सिरहामा नौ लाख खर्च

**सिरहा ।** जिल्ला निर्वाचन कार्यालय सिरहाले नौ लाख भन्दा बढी खर्च गरेको छ । जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगबाट १० लाख ७४ हजार बजेट प्राप्त गरेकोमध्ये नौ लाख ४२ हजार ९ सय ४० रूपैयाँ खर्च भएको निर्वाचन कार्यालय सिरहा प्रमुख इन्दिरा यादवले बताइन् ।यादवका अनुसार मतदाता नामावली संकलन तथा अद्यावधिक विशेष कार्यक्रममा तीन लाख ९० हजार, मतदान केन्द्र तथा उपकेन्द्र पुनरावलोकन गरी भू-सूचना प्रणालीमा आबद्ध गर्न ५० हजार, विद्यालयस्तरमा निर्वाचन शिक्षा कार्यक्रमका लागि एक लाख, निर्वाचन दिवसमा ४० हजार र प्रोत्साहन भत्तामा तीन लाख ६२ हजार नौ सय ४० रूपैयाँ खर्च भएको छ ।

## सिरहाको ...

विकास अरु हुन नसक्ने भएकाले यसको विकासमा बढी चासो दिन आवश्यक ठानेर सरकारी सेवा तयारी कक्षा सुरू गरेको उनको भनाइ छ ।

सरकारी सेवामा प्रवेशका लागि विषयगत विषेशज्ञ तथा जागीरमा रही लामो अनुभव बटुलेका शिक्षकहरूबाट सैद्धान्तिक तथा प्रयोगात्मक कक्षाहरू सञ्चालन गरिरहेको यादवले बताए ।

भाइबरेन्ट कोचिङ सेन्टरमा शाखा अधिकृत श्रीदेव यादव, उपसचिव रामप्रमोद यादव, शाखा अधिकृत सुनिल पासवान, मावि शिक्षक सुरेन्द्र प्रसाद यादव, नासु संजिप यादव, नासु नवल यादव तथा एमएससी गरिसकेका रामप्रकाश यादवसहित विज्ञानमा अब्बल मानिने सञ्चालक दिपक यादवले कक्षा लिन्छन् ।

जिल्लाभित्रका शिक्षित युवायुवतीलाई लक्षित गरि कक्षा सञ्चालन गरिएको र यस मार्फत शैक्षिक बेरोजगारी हटेर जाने सञ्चालक यादवको विश्वास छ । उनले नेपाल सरकारका विभिन्न परीक्षामा यहाँको जनशक्ति उत्कृष्ट भई सरकारी सेवामा कार्यरत हुनका लागि सघाउ पुग्ने विश्वास लिएको बताए ।

## लहानका ...

बसाउन खोजिएको थियो । नेपाली कांग्रेसका सहिद परिवारलाई त्यहा्ँ ४-४ विघा जग्गा दिइएको थियो । पञ्चायती शासकले उनीहरूको बस्ती उजाडेर प्रजातन्त्रका समर्थकहरूलाई मार्ने काम गरेका थिए । यो घटनामा पीडितलाई सहयोग गर्न विराटनगरवाट नेपाली कांग्रेसका युवाहरू त्यसतर्फ गएका थिए । त्यही टोलीमा राम-लक्ष्मण पनि थिए । उनीहरूले पञ्चायती प्रसाशकले घटना स्थलमा गरेको ताण्डव आफ्नै आूखाले देखे । घटनामा ३५ जनाको मृत्यु भएको थियो । तीन दिनसम्म राम-लक्ष्मणले घाइतेहरूलाई उपचारमा सहयोग पुगाए ।

घटनाको विरोधमा वि.सं. २०२८ सालमा गछियाको उत्तरतिर रहेको सिटौला बस्तीबाट कांग्रेसका युवाहरूले बयलगाडामा राक्षसको आकृति बनाएर राखी प्लेकार्ड सहित जुलुश निकाले । त्यो जुलुश राबम-लक्ष्मणको अगुवाइमा गरिएको थियो । सोही दिन सूाभमा दुवै पक्राऊ परे । प्रशासनले रामलाई तेह्रथुम र लक्ष्मणलाई धनकुट्टा जेल चलान गऱ्यो । उनीहरू दुवै छुट्टा छुट्टै बस्नै सक्दैनथे । जेल भित्रै विद्रोह गरेर दिन रात झगडा गरेपछि रामलाई पनि धनकुट्टा ल्याइएको थियो । धनकुट्टाबाट विराटनगर कारागारमा ल्याउन उमेश गिरी केही साथीलाई लिएर धनकुट्टा डेलिगेशन गएका थिए । उनीहरूको अनुरोध पछि राम-लक्ष्मणलाई जेल सरूवा गरी विराटनगर ल्याइयो । विराटनगर कारागार भित्र हुँदा उनीहरूसंगै अशोक कोईराला पनि थिए । तीन वर्ष विराटनगर कारागार भित्र बसेर प्रजातन्त्र र पार्टीको लागि योगदान दिन नपाएकोमा राम-लक्ष्मण निरास थिए र विद्रोह गरिरहन्थे । उनीहरू जेलबाट भागेर संघर्ष गर्न चाहन्थे । उनीहरू सधैं जेलमा बस्दा केही नपाइने र प्रजातन्त्रका निम्ति बलिदान हुने अमर सहिदको आकांक्षा बाँचेका तरूणहरूले पूरा गर्नुपर्दछ भन्ने विचार राख्दथे । तर अशोक कोइराला उनीहरूको विचारमा खिल्ली उडाउँथे ।

राम-लक्ष्मणको जेल जीवन कष्टकर भएकोले क्षयरोग लागि सकेको थियो । जेलमा ए.पी.सी. ट्याबलेट मात्र दिने गरेकोले डाक्टरलाई यिनीहरू उनको कर्तव्यको बारेमा सिकाउन पछि पर्दैनथे । जेल भित्र विद्रोह गर्दा यिनीहरू बारम्बार भन्ने गर्दथे, 'हामी जन्मदा संगै जन्मियौ र मर्दा पनि संगै मर्दछौं ।' जेल प्रशासनसंग पनि झगडा गरिराख्ने स्वभावका यिनीहरूको स्वभावको विश्लेषण गर्दै दुर्गा सुवेदी भन्छन्, ' राम-लक्ष्मण क्रान्तिकारी होइनन् विद्रोही हुन । क्रान्तीमा कहिलेकाँही अगाडी बढने र कहिले पछि सर्ने पनि हुन्छ । तर यिनीहरू कहिल्यै पछि सर्ने स्वभावका थिएनन् । जहिले पनि विद्रोह नै गरिरहनु पर्ने ।' *बाँकी क्रमश :*

**प्रदेश सरकार**
**प्रदेश नं २**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## जिल्ला अस्पताल सिरहा

## विषय :-करार सेवामा आवेदन आव्हान सम्बन्धी सूचना ।

### प्रथम पटक प्रकाशित मिति २०७७/११/१८

**यस जिल्ला अस्पताल सिरहाको डायलाइसिस सेवाको लागि तपसिलमा उल्लेखित पद र संख्यामा कर्मचारीहरु आवश्यक भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुलाई आवश्यक न्यूनतम शैक्षिक योग्यता, नागरिकता प्रमाण-पत्र, काउन्सिल दर्ता प्रमाण-पत्र र कार्य अनुभवको प्रमाण-पत्र लगायत अन्य सबै आवश्यक प्रमाण-पत्रहरुको प्रतिलिपी र आवेदन शुल्क नगदै बुझाएको रसीद संलग्न राखी दरखास्त आव्हानका लागि सूचित गरिन्छ ।**

### तपशिल

| क्र. सं. | सेवा | समूह | पद | तह | संख्या | न्यूनतम शैक्षिक योग्ता | उमेर | दरखास्त शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य | ज.हे.स. | मे.अ. | आठौ | ३ | MBBS उतीर्ण, ICU सम्बन्धी कार्य अनुभवलाई विशेष ग्राहयता दिईने छ । | ४५ वर्ष ननाघेको | रु. १०००।- | प्राविधिक |
| २ | स्वास्थ्य | नर्सिङ्ग | स्टाफ नर्स | पाँचौ | ६ | PCL Nursing उतीर्ण | ४५ वर्ष ननाघेको | रु. ४००।- | प्राविधिक |
| ३ | स्वास्थ्य | विविध | डायलाइसिस टेक्निसियन | पाँचौ | २ | PCL in Renal Dialysis | ४५ वर्ष ननाघेको | रु. ४००।- | प्राविधिक |
| ४ | प्रशासन | | स्वीपर | श्रेणी विहीन | २ | साधारण लेखपढ र सरसफाईको कार्य गर्न इच्छुक | ३५ वर्ष ननाघेको | रु. ३००।- | अप्राविधिक |
| ५ | प्रशासन | | सुरक्षा गार्ड | श्रेणी विहीन | ५ | सुरक्षा सम्बन्धी कार्यको अनुभव, प्रहरी सेवाबाट सेवा निर्वितलाई ग्राहयता दिईने छ । | | रु. ३००।- | अप्राविधिक |

५. आवेदन पेश गर्नु पर्ने अन्तिम मिति :- २०७७।१२।०३ गते र सो दिन सार्वजनिक विदा पर्न गए विदापछि लगत्तै कार्यालय खुलेको दिन ।
६. सम्पर्क मिति :- आवेदन पेश गर्नुपर्ने अन्तिम मितिको भोलिपल्ट ।
७. परिक्षाको किसिम :- अन्तरवार्ता ।
८. नियमानुसारको सम्पूर्ण कागजातहरु संलग्न राखी मात्र निवेदन दर्ता गर्न सकिने छ ।

E-mail : sirahahospital@gmail.com

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा
नवराजपुर गाउँपालिका कार्यालय, सिरहा
लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा
सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा
अर्नमा गाउँपालिका कार्यालय, सिरहा
भगवानपुर गाउँपालिका कार्यालय, सिरहा
औरही गाउँपालिका कार्यालय, सिरहा
विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा
नरहा गाउँपालिका कार्यालय, सिरहा




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)